# यशोधरा गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
बैदौली,कपिलवस्तु
(लुम्बिनी प्रदेश,नेपाल)

पत्र संख्या :- २०८०।०८१
चलानी नम्बर :-

मिति: २०८०/१२/२१

सूचना । सूचना ॥ सूचना ॥।

**१० प्रतिशत लागत साझेदारीमा कृषकहरुलाई स्प्रेयर टंकी बितरण कार्यक्रममा निबेदन पेश गर्ने सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशित मिति : २०८०/१२/२१**

प्रस्तुत बिषयमा यशोधरा गाँउपालिका गाउँकार्यपालिकाको कार्यालय अन्तर्गत कृषि बिकास शाखा बैदौली कपिलवस्तुको आ.व.२०८०/०८१ को वार्षिक स्वीकृत "१० (दश) प्रतिशत लागत साझेदारीमा कृषकहरुलाई स्प्रेयर टंकी बितरण कार्यक्रम" संचालन गर्न यस गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय बैदौली कपिलबस्तुमा गठित कृषि विकास समितिको मिति २०८०/१२/०९ गते बसेको बैठकका निर्णय अनुसार यस यशोधरा गाँउपालिकाको कार्यक्षेत्र भित्रका इच्छुक कृषक/कृषक समुह/कृषि सहकारी/कृषि फार्महरुले उक्त कार्यक्रममा निवेदन पेश गर्नका लागि यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन वा २०८१/०१/०५ गते भित्र तपशील अनुसारका कागजातहरु संलग्न राखी यशोधरा गाउँपालिका कृषि बिकास शाखा बैदौली कपिलवस्तुमा पेश गर्न सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । साथै दर्ता म्यादको अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा सो को भोलि पल्ट दर्ता गरिने तथा रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका निबेदनहरु छनौटका लागि समाबेस नहुने व्यहोरा समेत जानकारी गराईन्छ ।

तपशील

| क.सं. | कार्यक्रमको नाम | कैफियत |
|---|---|---|
| १. | १० प्रतिशत लागत साझेदारीमा कृषकहरुलाई स्प्रेयर टंकी बितरण कार्यक्रम | कृषकको १० प्रतिशत र गा.पा.को ९० प्रतिशत लागत साझेदारीमा |

**आवश्यक कागजातहरु :**

१) कार्यक्रम माग सम्बन्धी निबेदन ।

२). कृषक समुह/ कृषि सहकारी/ कृषि फार्म सहितको हकमा संस्था दर्ता प्रमाण पत्र एंव नबीकरण सहितको प्रतिलिपी ।

३) कृषक समुह/ कृषि सहकारीको हकमा कार्यक्रममा सहभागी हुने १ (एक) जना कृषकको नाम सहितको निर्णय प्रतिलिपि ।

४) सम्बन्धित आबेदकको नेपाली नागरिक्ताको प्रतिलिपी ।

५) स्वा- घोषणा पत्र प्रतिबद्धता ।

**नोट : बिस्तृत जानकारीको लागि यस यशोधरा गाँउपालिका कृषि बिकास शाखा बैदौली कपिलवस्तुबाट जानकारी लिन सकिने छ ।**

२०८०।१२।२१
रामचन्द्र ढकाल
प्रमुख प्रशासकीय अधिकृत

**बोधार्थ**
श्री सूचना तथा प्रविधि शाखा :- वेबसाइटमा अपलोड गरिदिनु हुन् ।

प्रमुख प्रशासकीय अधिकृत